SP Swag: Sudur Pashchim Wisdom of Academic Gentry Journal
Vol. 2, Issue 1, 2025. pp. 67–74
Research Article
DOI: https://doi.org/10.69476/sdpr.2025.v02i01.008

# उ मरेकी छैन नाटकमा अङ्गी रस

**सुशीला घिमिरे**
दर्शनाचार्य विद्यावारिधि अध्ययनरत, त्रिभुवन विश्वविद्यालय

**Article Info.**

***Email***
dipsushila4@gmail.com

***Article History***
Received: 2025, July 10
Accepted: 2025, September 26

***Cite***
Ghimire, S. (2025). उ मरेकी छैन नाटकमा अङ्गी रस. *SP Swag: Sudur Pashchim Wisdom of Academic Gentry Journal*, *2*(1), 67–74. https://doi.org/10.69476/sdpr.2025.v02i01.008

**लेखसार**

प्रस्तुत लेख नेपाली साहित्यमा नाट्य सम्राटको रुपमा परिचित व्यक्तित्व नाटककार बालकृष्ण समद्वारा रचना गरिएको *उ मरेकी छैन* शीर्षकको नाटकमा प्रयुक्त अङ्गी रसको पहिचानमा केन्द्रित रहेको छ। रससिद्धान्त पूर्वीय साहित्य समालोचनाको क्षेत्रमा प्रचलित कृति विश्लेषणको महत्त्वपूर्ण आधार हो । साहित्यमा प्रचलित नौ प्रकारका रसलाई नवरस भनिन्छ। रसको पहिचानको लागि विभावादि सामग्रीहरूको आवश्यकता पर्दछ। कुनै पनि कृतिमा मुख्य रूपमा प्रयोग हुने रसलाई अङ्गी रस भनिन्छ। यसले कृतिको आरम्भदेखि अन्त्यसम्म निरन्तरता प्राप्त गर्दछ र परिपाकपूर्ण अवस्थामा पुगेर दर्शक वा पाठक वर्गलाई रसास्वादनको माध्यमबाट आनन्द प्रदान गर्दछ। नाटककार समको *उ मरेकी छैन* नाटकको विषयवस्तु वियोगान्त कथामा आधारित रहेको छ। शृङ्गार रसको केन्द्रीयतामा रचना गरिएको उक्त नाटकमा विप्रलम्भ शृङ्गार रसको प्रधानता रहेको छ। पौराणिक मिथकलाई आधार बनाएर रचना गरिएको उक्त नाटकमा मौलिकता सहित सामाजिक विषयवस्तुको प्रयोग गरिएको छ। त्यसक्रममा स्वस्थानी व्रतकथालाई प्रतीकात्मक आधार बनाएर नाटकमा शिवगिरि र कान्तीको वियोगान्त प्रेमकथालाई प्रस्तुत गरिएको छ। नाटकीय कथावस्तु र घटनाक्रमको अध्ययन गर्दा नाटकमा शोक स्थायी भाव हुने करूण रसको भाव जागरणको लागि विभावादि भावहरूको उचित प्रयोग भएको पाइन्छ। शिवगिरि र कान्तीको भेट पश्चात् विकसित भएको उनीहरूको आत्मिक प्रेमले कान्तीको आत्महत्या सँगसँगै दुखान्त मोड लिन पुग्दछ । अतः उक्त नाटकमा करुण रसको प्रधानता रहेको कुरा स्पष्ट हुन्छ।

*मुख्य शब्दावली* : विभाव, अनुभाव, सञ्चारीभाव, स्थायीभाव, अङ्गीरस

## विषय परिचय

*उ मरेकी छैन* नाटक नाटककार बालकृष्ण समद्वारा रचना गरिएको हो । वि.सं. १९९९ मा रचना गरिएको यस नाटकलाई २००२ सालमा मञ्चन गरिएको थियो । प्रकाशनका दृष्टिले भने यो नाटक २०३५ मा पहिलो पटक मुद्रण भएको देखिन्छ । प्रस्तुत नाटक धार्मिक मिथकीय विषयवस्तुमा आधारित छ तथापि यस नाटकलाई समले सामजिक विषयवस्तुका रूपमा समेटेर प्रस्तुत गरेका छन्। हिन्दु धर्मावलम्बीहरूको एक विशेष आस्था रहेको स्वस्थानी व्रतकथाका शिव र सतीको कथामा आधारित भएर रचना गरिएको प्रस्तुत नाटकमा शिव र सतीको वियोगान्त कथालाई नाट्य वीजका रूपमा लिइएको छ। विषयवस्तुका कोणबाट स्वस्थानी व्रतकथाको धार्मिक घटनासँग जोडिएको भए पनि मौलिकता सहितको सामाजिक विषयवस्तु नाटकमा रहेको छ । प्रतीकात्मक ढङ्गले प्रस्तुत गरिएको यस नाटकमा मिथकलाई आफ्नै ढङ्गमा प्रयोग गरिएको छ । नाटकमा


Copyright (c) 2025: Author(s). Published by Sudur Paschimanchal Campus (SPC), Kailali, Nepal

शिव र सतीका रूपमा शिवगिरि (योगी) र किशोरी कान्ती रहेका छन् । स्वस्थानी व्रतकथामा शिव र सतीमा भएको जस्तो दैवी शक्ति नदेखाएर शिवगिरि र कान्तीलाई मानवीय पात्रका रूपमा प्रस्तुत गरिएको छ।

काव्य वा नाटक पढेपछि पाठकका मनमा पर्ने प्रभाव नै रस हो। रस कुनै अनुभूति वा संवेदनाबाट हुने र आनन्दका रूपमा आस्वाद्य हुने हुन्छ। रसले पाठक तथा दर्शकको हृदयमा प्रभाव पार्दछ। कुनै पनि काव्य कृतिमा रसको अभिव्यक्ति रस सामग्री मार्फत हुन्छ। पूर्वीय साहित्य सिद्धान्तमा विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावलाई रस सामग्री मानिन्छ। यिनै सामग्रीहरूका आधारमा रसको विश्लेषण गर्न सकिन्छ। कुनै पनि काव्यमा रसको अध्ययन गर्दा त्यसको प्रधानतालाई आधार मान्ने गरिन्छ। यस आधारमा रसलाई अङ्ग र अङ्गी गरी दुई भागमा वर्गीकरण गर्न गर्न सकिन्छ। काव्य कृति वा नाटकमा मुख्य कथावस्तुसँग जोडिएर आउने तथा परिपाक अवस्थामा पुग्ने रस अङ्गी रस हो। यसर्थ कुनै पनि नाटकमा मुख्य कथावस्तु वा घटनासँग सम्बन्ध राख्ने एउटा मात्र अङ्गी रस रहेको हुन्छ जुन परिपाक अवस्थामा पुग्दछ। यस गोष्ठीपत्रमा ऊ मरेकी छैन नाटकमा रहेको अङ्गी रसको पहिचान गरी नाट्यावस्थालाई आधार मान्दै विभावादि सामग्रीको आधारमा अङ्गी रसको विश्लेषण गरिएको छ।

## समस्याकथन

नाटककार बालकृष्ण समद्वारा रचना गरिएको *उ मरेकी छैन* शीर्षकको नाटकलाई विभिन्न समालोचना पद्धतिको आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ। यस नाटकमा केन्द्रित भएर हालसम्म धेरै प्रकारका अध्ययन अनुसन्धान कार्यहरू भएका छन्। नाटकमा प्रयुक्त अङ्गी रसको पहिचानका दृष्टिले हालसम्म कुनै पनि अध्ययन अनुसन्धान नभएको कारण उक्त नाटकमा अङ्गी रसको रूपमा कुन रसको प्रयोग भएको छ भन्ने प्राज्ञिक जिज्ञासालाई यस लेखमा समस्याको रूपमा प्रस्तुत गरिएको छ।

## अध्ययनको उद्देश्य

प्रस्तुत लेख नाटककार बालकृष्ण समद्वारा रचना गरिएको *उ मरेकी छैन* नाटकमा प्रयुक्त अङ्गी रसको पहिचान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ। उक्त उद्देश्य प्राप्तिको लागि नाटकीय सन्दर्भलाई केन्द्रविन्दु बनाएर रससामग्री वा रस निष्पत्तिका उपकरणहरूको आधारमा पाठ विश्लेषण पद्धतिको उपयोग गरी अध्ययनलाई सार्थक तुल्याउने प्रयास गरिएको छ। त्यसक्रममा आवश्यकता अनुसार साक्ष्यहरूको प्रयोगका आधारमा ठोस निष्कर्षमा पुगिएको छ।

### अध्ययनको सीमा

नाटककार बालकृष्ण समको *उ मरेकी छैन* शीर्षकको नाटकलाई साहित्य समालोचनाको क्षेत्रमा प्रचलित विभिन्न सिद्धान्तहरूको आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ। समस्या र उद्देश्यमा केन्द्रित भएर यस लेखलाई व्यवस्थित र प्रभावकारी तुल्नाउनको लागि नाटककार समको उक्त नाटकलाई रस सिद्धान्तको आधारमा अध्ययन विश्लेषण गरिएको छ। सामग्री विश्लेषणका क्रममा लेखलाई नाटकमा प्रयुक्त अङ्गी रसको पहिचान गर्ने कार्यमा मात्र सीमित गरिएको छ।

### अध्ययनको औचित्य

नाटककार बालकृष्ण समको *उ मरेकी छैन* नाटकमा प्रयुक्त अङ्गी रसको पहिचानमा केन्द्रित भएर तयार पारिएको यो लेख नेपाली साहित्य समालोचनाको क्षेत्रमा गरिएको नवीन कार्य भएकाले आफैंमा औचित्यपूर्ण रहेको छ। आगामी दिनमा अङ्गी रसको पहिचानमा केन्द्रित भएर नाटकको अध्ययन विश्लेषण गर्न चाहने अनुसन्धानकर्ता तथा जिज्ञासु पाठक वर्गको लागि समेत प्रस्तुत अध्ययन उपयोगी रहेको छ।

## अध्ययन विधि

अध्ययन विधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषण विधि पर्दछन्। प्रस्तुत अध्ययनमा पुस्तकालयीय विधिको प्रयोग गरी आवश्यक सामग्रीको सङ्कलन तथा विश्लेषण गरिएको छ। यस अध्ययन कार्यमा प्राथमिक स्रोत सामग्रीका रूपमा बालकृष्ण समद्वारा रचित *उ मरेकी छैन* नाटक तथा द्वितीय स्रोत सामग्रीका रूपमा यस नाटकका बारेमा भएका विभिन्न विश्लेषणहरू, समालोचनात्मक लेख, रचना तथा कृतिहरू रहेका छन्। यसर्थ प्रस्तुत अध्ययनपत्रमा रससिद्धान्तको आधारमा पाठ विश्लेषणात्मक विधिको प्रयोग गरेर नाटकको अध्ययन विश्लेषण गरिएको छ।

## सैद्धान्तिक पर्याधार

काव्य वा नाटकमामा निष्पादित मुख्य रसलाई अङ्गी रस भनिन्छ। यस्तो रस काव्य, नाट्य वा साहित्यिक कृतिमा सुरूदेखि अन्त्यसम्म उपस्थित भइरहन्छ काव्यको बिचमा आएर पनि परिपाक अवस्थामा पुग्दछ। भरतले नाट्यशास्त्रमा काव्यमा अधिक रूपमा रहने रस अङ्गी रस हुने बताएका छन् । आनन्दवर्द्धनको अङ्गी रसका बारेमा भनाइ यस्तो छ प्रबन्धकाव्यहरूमा प्रथमतः प्रस्तुत र पटक पटक अनुसंहित (जाँचवुझ गरी प्रयोग गरिएको हुनाले जुन रस आदिदेखि अन्त्यसम्म स्थायी रूपमा रहन्छ, अनि प्रबन्धमा अभिव्यक्त अनेक रसहरूमध्ये जुन रस कथानकको कलेवरमा सर्वाधिक व्याप्त हुन्छ त्यही  अङ्गी रस हुन्छ (आनन्दवर्द्धन, सन् २००६; पृ. २३१) । त्यसैगरी आचार्य विश्वनाथले काव्यमा शृङ्गार, वीर र शान्त रसमध्ये कुनै एक अङ्गी रस हुनुपर्दछ र अन्य रसहरू गौण रहन्छन् भन्ने मत प्रस्तुत गर्दै अङ्गी रस कुनै पनि कव्यमा एउटा हुने र अङ्ग रसहरू धेरैवटा हुनसक्ने बताएका छन् । नगेन्द्रले अङ्गी रसका लक्षण चर्चा गर्ने क्रममा प्रमुख लक्षणका रूपमा सर्वव्याप्तिलाई लिएका छन् । त्यसैगरी अङ्गीरसको सहायक लक्षणका रूपमा काव्यमा रहेको मुख्य पात्रको मूलवृत्ति वा प्रतिफल हुने र उसकै जीवन साधनाको प्रसार रूप हुने बताएका छन् (नगेन्द्र, सन् १९७७; पृ. २८५) । उनको यो परिभाषालाई हेर्दा काव्यमा सर्वव्यापी रूपमा रहने वा पटक पटक दोहोरिने साथै परिपाक अवस्थामा रहने रसलाई नै अङ्गी रस हो भन्न सकिन्छ।

कुनै पनि नाटकमा रहेको अङ्गी रसको पहिचान गर्न त्यसको नाट्यावस्थाका बारेमा अवाश्यक ज्ञान हुनु जरूरी छ । तसर्थ प्रस्तुत नाटकको घटनालाई नाट्यावस्थाका कोणबाट समेत विश्लेषण अध्ययन गरी अङ्गी रसको पहिचान यहाँ गरिएको छ। नाट्यवस्थाका कोणबाट आरम्भ यत्न प्राप्त्याशा नियताप्ति र फलागमको आधारमा नाटकको विश्लेषण गर्ने गरिन्छ। आरम्भ भनेको प्रचुर फलप्राप्तिको लागि उत्सुकता जाग्रत हुनु हो । यस अवस्थामा विषयको बीजारोपण, नायक नायिकाको परिचय र जिज्ञासासम्मको अवस्था रहन्छ । त्यस्तै यत्न भनेको फल प्राप्तिका निम्ति उत्सुकतापूर्वक उद्योग गर्नु हो । यसमा नायकले कार्य पूरा गर्नका लागि विभिन्न प्रयास गर्दछ। प्राप्त्याशा भनेको फल प्राप्तिको ईषत् सम्भावना हो, जहाँ फल प्राप्तिका लागि अनेक बिघ्न बाधाहरू आइपरे पनि त्यो कम हुँदै जान्छ र उद्देश्य प्राप्तिको आशा जागेर आउँछ । फल प्राप्तिको निश्चितता हुने अवस्थालाई नियातप्ति भनिन्छ यस अवस्थासम्ममा सङ्घर्ष क्षीण हुँदै जान्छ र एउटा मात्र बाधा अड्चन बाँकी रहन्छ तथा फलप्राप्ति निश्चित जस्तै बन्दछ। पूर्ण रूपमा फल प्राप्त हुने अवस्था फलागम हो। यस अवस्थामा अन्तिम बाँकी रहेको बाधा पनि हटेर जान्छ र उद्देश्य प्राप्ति हुनुका साथै नायक नायिकाले आफ्नो इच्छा अनुसारको फल प्राप्त गर्ने गर्दछन्।

प्रस्तुत अध्ययनपत्रमा *उ मरेकी छैन* नाटकमा कुन रस अङ्गी रसको रूपमा रहेको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्नु मुख्य उद्देश्य रहेको छ। यसका लागि पूर्वीय काव्यशास्त्रीय सिद्धान्तको रूपमा स्थापित रस सिद्धान्तलाई मूल आधार बनाइएको छ। पूर्वीय काव्यशास्त्रका आचार्य भरतद्वारा प्रतिपादित र उनीपछिका आचार्यहरूबाट स्थापित रससम्बन्धी मान्यतामा आश्रित भएर शृङ्गारादि रस तथा तिनका उपभेदहरू सहितका उपकरणलाई अवलम्बन गरिएको छ। नवरसका उपकरणहरूमा विभाव, अनुभाव, व्यभिचारी भाव र रसका स्थायी भावहरूको सिद्धान्तका आधारमा यहाँ अध्ययन गरिएको छ । प्रबन्ध कृतिमा रसको योजना गर्दा कथानक, चरित्र र परिवेश महत्वपूर्ण सामग्रीका रूपमा रहेका हुन्छन् । सामान्यतः कथानकले रसका आलम्बन विभावलाई प्रस्ट्याउँछ भने परिवेशले कथानकको अङ्गका रूपमा उद्दीपन विभावलाई प्रस्ट्याउँछ र चरित्रका कार्य व्यापारले अनुभाव र व्यभिचारी भावलाई प्रस्ट्याउँछन्। त्यसैगरी अनुकूल वा प्रतिकूल भावहरूवाट नलुक्ने र रसास्वादनको मूल जराको रूपमा रहने भावलाई स्थायी भाव भनिन्छ। स्थायी भाव रसानुभूतिको मूल आधार हो । संस्कृत व्याकरणको नियम अनुसार 'स्था' धातुमा णिनी र 'युक्' प्रत्ययको योगबाट बनेको स्थायी शब्दको अर्थ स्थिर, टिकाउ, दृढ, अपरिवर्तित, मनको स्थिर दशा आदि लाग्दछ (जैन, सन् १९६४ पृ. ४१६। साहित्यशास्त्रमा स्थायी भावलाई प्रत्येक रसको प्राण स्वरूप मानिन्छ। प्रबन्ध कृतिमा रस निष्पत्तिका महत्वपूर्ण संरचक घटक वस्तु वा चरित्र हुन् । रसको विश्लेषण पनि यिनै तत्वका आधारमा गर्नु पर्दछ । यहाँ *उ मरेकी छैन* नाटकमा अङ्गी रसको पहिचान गर्दा वस्तुमा आधारित भएर विश्लेषण गरिएको छ।

**विमर्श र परिणाम**

*उ मरेकी छैन* नाटकमा कान्तीले आफूभन्दा १६ वर्ष जेठो साथै पारिवारिक मोहभन्दा टाढा रहेका एकजना योगी शिवगिरिसँगको प्रेम गरेको र उसकै साथमा कुटीमा बस्न चाहेको तर शिवगिरिले कान्तीलाई त्यसो नगर्न सम्झाएको आदि घटना थाहा पाएको बाबु कनकवीरले आफ्नी छोरीको विवाह अन्य व्यक्तिसँग गराउन चान्छन् । उनले उमेर मिल्ने युवक भुवनसँग छोरीको विवाह गराउन सम्पूर्ण तयारी गर्दछन् । उक्त कुरा थाहा पाइसकेपछि कान्तीले आत्महत्या गर्न पुग्दछिन् । कान्तीको आत्महत्याको खबर सुनेका शिवगिरिले जसरी स्वस्थानी व्रतकथामा भगवान शिवले विक्षिप्त अवस्थामा सतीदेवीको मृत शरीर लिएर कैलाश पर्वत घुमेका थिए त्यसैगरी शिवगिरिले पनि आफ्नो प्रेमले सार्थकता प्राप्त गरेको भन्ने सम्झँदै कान्तीको मृत शरीर काँधमा लिएर हिमालय पर्वततर्फ महापथ यात्रामा निस्केको घटनासँगै नाटक समाप्त भएको छ।

यसै शृङ्गारिक विषयवस्तुमा आधारित भएको प्रस्तुत नाटकमा जम्मा तीन अङ्क र ११ दृश्यहरू रहेका छन् भने नाटकको मुख्य पात्र शिवगिरि र कान्ती रहेका छन् । नाटकमा प्रथम अङ्कको तेस्रो दृश्यसम्मका घटनाहरू जहाँ कान्ती र शिवगिरिवीचको भेटघाट भएदेखि कान्तीको विवाहको प्रसङ्ग आउनुभन्दा अघिका सम्पूर्ण घटनाहरू आदिभाग अन्तर्गत पर्दछन् । प्रथम अङ्कको दृश्य ४ देखि तृतीय अङ्कको दृश्य ३ सम्मका घटनाहरू कान्तीको विवाह भुवनसँग गरिदिने प्रसङ्गसँगै विकसित भएका घटनादेखि कान्तीको मृत्युपूर्व (आत्महत्या) का सम्पूर्ण घटनाहरू मध्यभाग र तृतीय अङ्कको दृश्य ४ देखि पछाडिका घटनाहरू अर्थात् कान्तीले आत्महत्या गरिसकेपछि कनकवीर विक्षिप्त बन्नु, शिवगिरिले अव मृत्यु भएपछि त कान्तीमाथि आफ्नो हक लाग्ने भन्दै छोरीको शव कनकवीरसँग माग्नु, र कनकवीरले पनि प्रतिवाद नगरी छोरीको मृत शरीर लैजान स्वीकृति दिनु. शिवगिरिले मृत शरीर बोकेर महापथ यात्रामा गौरिशङ्कर हिमालतर्फ लाग्नु जस्ता घटनाहरू अन्त्य भागका घटना बनेर आएका छन् ।

**नाट्यावस्थाको विश्लेषण**

नाट्यावस्था भनेको नाटकमा जुन विषयलाई साध्य फलका रूपमा प्रस्तुत गर्न खोजिएको छ त्यसैको क्रमिक विकास हो । नाट्यावस्थालाई प्रमुख चरित्रहरूको मानसिक विकास पनि भनिएको छ । साध्य फल भनेको नाटकमा नायक नायिकाले प्राप्त गर्नु पर्ने अन्तिम परिणति हो । प्रस्तुत अध्ययनमा नाटकका फलप्राप्तिका निमित्त आवश्यक पर्ने आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागमका कोणबाट प्रस्तुत नाटकलाई अध्ययन गरिएको छ । शिव र सतीको वियोगान्त प्रेमको आख्यानलाई मूल विषय बनाइएको प्रस्तुत नाटकमा कान्तीले शिवगिरिको आश्रममा भजन सुन्न जानु र शिवगिरिले स्त्री प्रजातिलाई आश्रममा प्रवेश गर्न निषेध हुँदा हुँदै पनि कान्तीलाई प्रवेश गर्न दिनु नाटकको आरम्भिक घटना हो । स्त्री जातिबाट भिक्षा समेत नलिने शिवगिरिले कान्तीसँगको निकटतालाई स्वीकार गरेको देखाइएकाले पनि यो घटनालाई आरम्भिक घटना मान्न सकिन्छ। त्यसैगरी भजन तथा देवी देवताहरूको कथा सुन्ने बाहनामा शिवगिरिसँग भेट्नु, शिवगिरिले पनि वनमा दाउरा बटुलिरहेको बेलामा भेट हुँदा आफ्ना विगतका सम्पूर्ण घटनाहरू कान्तीसमक्ष बताउनु, गाउँमा भोज चलिरहँदा देखाइएको नाच राम्रो भए पनि भित्रैदेखि मन भने नपरेको विचार कान्तीले भुवनसँग व्यक्त गर्नु, आफ्नो कपाल दुखेको बाहना बनाई घर फर्किनु तर घरमा नबसी शिवगिरिको आश्रममा जानु, आफ्नो विवाहको चर्चा चलिरहेको साथै आफू त्यस कार्यबाट सुखी नहुने र भक्तिनी भएर शिवगिरिसँगै बस्ने आग्रह गर्नु, भुवनले कान्तीलाई नजिक बनाउन गरेका विभिन्न प्रयासहरूप्रति रूचि नराख्नु, गुण्टा बोकेर शिवगिरिको आश्रममा पुग्नु आदिजस्ता घटनाहरू नाटकमा यत्नावस्थाका घटना हुन् । प्रस्तुत नाटकमा कान्तीलाई शिबगिरिले हतारमा निर्णय नगर्न आग्रह गर्दै घर जान भन्नु यस प्रसङ्गले कान्तीले आफ्नो स्वयंवर हुन लागेको घटना सुनाउदा प्रष्ट नभने पनि हतारमा निर्णय नगर्न भनेको प्रसङ्गले कान्तीमा केही प्राप्त्याशाको सङ्केत भने पाउन सकिन्छ भने प्रस्तुत नाटकमा कुनै किसिमको फलप्राप्तिको निश्चितताको अवस्था नदेखिएकाले नियताप्ति अन्तर्गतका कुनै घटनाहरू छैनन् । नाटकको अन्त्यमा कान्तीको मृत शरीर नै भए पनि शिवगिरिले प्राप्त गर्नु, शिवगिरिले शिव र सतीको प्रसङ्ग कोट्याउँदै हर्केलाई त्यस मिथकीय घटनासँग नदाँज्न भन्दै आफूले पनि महापथको यात्रा आरम्भ गर्ने कुरा बताउनु, भौतिक जगतबाट टाढिएका शिवगिरिले कान्तीको भौतिक शरीर जीवित नरहे पनि आत्मा भने जीवित नै रहेको साथै

गौरिशङ्कर हिमालमा आफूहरू दुईजना मिलेर महापथको यात्रा गर्नेछौं भन्ने भाव व्यक्त गर्नु र शिवगिरिले जीवनमा प्रेमले सार्थकता पाएको महसुस गर्नु आदि जस्ता घटनाहरू प्रस्तुत नाटकमा फलागमका अवस्था हुन् ।

## *उ मरेकी छैन* नाटकमा अङ्गी रसको पहिचान तथा विश्लेषण

प्रस्तुत *उ मरेकी छैन* नाटकमा शिवगिरि र कान्तीको प्रेम प्रसङ्ग मुख्य घटनाका रूपमा रहेको छ। सामान्यताया झट्ट हेर्दा प्रेमले सार्थकता प्राप्त नगरी कान्तीले आत्महत्या गरेको जस्तो देखिए पनि मृत्युपश्चात शिवगिरिले कान्तीको मृत शरीर बोकेर महापथ यात्रामा लागेको घटनाले उनीहरूवीचको प्रेमले सार्थकता प्राप्त गरेको देख्न सकिन्छ । नाटकमा भौतिक रूपमा उनीहरूवीचमा मिलन हुन नसके पनि आत्मिक रूपमा भने उनीहरूले एक आपसमा मिलन भएको अनुभव गरेका छन्। शिवगिरिले बाहिर व्यक्त नगरे पनि कान्तीलाई आफ्नो सम्झँदै व्यवहारमा परिवर्तन गरेका छन्। त्यस्तै कान्तीले पनि आफूलाई अन्य व्यक्तिको बन्नुभन्दा भौतिक रूपमा शरीरलाई त्याग गरेर आत्मिक रूपमा शिवगिरिको बन्ने प्रण गरी आत्महत्यासम्मको निर्णयमा पुग्नु, शिवगिरिले पनि उनीहरूवीचको आत्मिक मिलनलाई स्वीकार गरी मृत शरीर बोकेर महापथको यात्रामा निस्कनु आदिजस्ता घटनाले शृङ्गार रसको परिपाकलाई पुष्टि गर्दछ। उनीहरूको यस मिलनले शृङ्गार अन्तर्गत पनि वियोगान्त शृङ्गारलाई परिपाक अवस्थामा पुऱ्याएको छ। नाट्यावस्था तथा वस्तुसङ्गठनका आधारमा अध्ययन गर्दा प्रस्तुत नाटकको अङ्गी रसका रूपमा शृङ्गार रहेको पुष्टि हुन्छ। तसर्थ यहाँ यस नाटकको अङ्गी रस शृङ्गार हो भन्ने निष्कर्षमा पुगिएको छ।

## अङ्गी रसका विभावादि सामग्री

रस सिद्धान्तका आधारमा नाटकमा प्रयुक्त अङ्गीरसको पहिचानको लागि नाटककार बालकृष्ण समको *उ मरेकी छैन* नाटकको मुख्य घटनाका आधारमा अङ्गीरसका रूपमा रहेको शृङ्गार रसका रससामग्री विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावको विषयमा अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगिएको छ।

### विभाव

प्रस्तुत नाटकभित्र अङ्गीरस शृङ्गारको आलम्बन विभावका रूपमा शिवगिरि तथा कान्ती रहेका छन् । उनीहरूले घटनाको विकास हुँदा देखाएका विभिन्न व्यवहार हरूले उनीहरू दुवै अङ्गीरसका आलम्बन विभाव हुन् भन्ने कुरालाई पुष्टि गर्दछ। त्यस्तै कान्तीले गरेको व्यवहारलाई शिवगिरिले सहज ढङ्गले स्वीकार गर्नु, स्त्री जातिलाई आश्रममा प्रवेश अनुमति नहुँदा नहुँदै पनि कान्तीले प्रवेश गर्न खोज्दा शिवगिरिले सहजै स्वीकार गर्नु, आफ्ना विगतलाई कान्तीसँग खुलेर बताउनु, कान्तीले घर छोड्ने कुरा गर्दा हतार नगर भनी सम्झाउनु, कान्तीको विवाहका लागि उसका बाबु कनकवीरले जोड गर्नु आदि घटनालाई शृङ्गार रसको उद्दीपन विभावका रूपमा लिन सकिन्छ।

### अनुभाव

प्रस्तुत नाटकमा अङ्गी रस शृङ्गारको अनुभावका रूपमा शिवगिरि र कान्ती दुवै आएका छन् । उनीहरूले नाटकको घटना विकासका क्रममा देखा परेका विभिन्न अवस्थामा देखाएका कायिक, वाचिक सात्विक आदि व्यवहारले उनीहरू दुवै शृङ्गार रसको अनुभाव रहेको पुष्टि हुन्छ । रिसाएर हिँडेका शिवगिरिलाई क्षमा माग्दै नजिक बन्न खोज्नु, शिवगिरिले पनि कान्तीलाई आफ्नो सबैभन्दा नजिकको व्यक्तिका रूपमा सम्झँदै आफ्नो विगत बताउनु, शिवगिरिलाई आफ्नो आदर्श ठान्नु, मृत शरीरलाई बोकेर महापथ यात्रामा निस्कनु आदि जस्ता कार्यव्यापारले अनुभावको बोध गराएका छन्।

### व्यभिचारी भाव

प्रस्तुत नाटकमा शृङ्गार रसलाई अङ्गी रसका रूपमा पुष्टि गर्न विभिन्न प्रकारका व्यभिचारी वा सञ्चारी भावहरू आएका छन्। तिनीहरूको संक्षिप्त चर्चा यहाँ गरिएको छ :

#### *मोह*

कान्तीले शिवगिरिलाई आफ्नो बनाउन गरेका विभिन्न प्रयत्नहरूले शृङ्गार रसको पुष्टि गर्न व्यभिचारी भावको कार्य गरेको छ।

> "भैहाल्यो उसो भए म तपाईंको सेवा गरेर त बस्न पाउँछु कि ! दाउरा, पानी ल्याउँछु झारबडार गर्छौं',

भाँडा माभ्छु, लुगा धुन्छु भैहाल्यो नि – म अन्धी भए पनि दिनको एक चोटी तपाईंको बोली सुन्न पाए पुग्छ, बहिरी भए पनि दिनको एक चोटि तपाईंलाई हेर्न पाए पुग्छ, मलाई अरू केही चाहिँदैन” (पृ. ४६)।

यस उद्धरणले कान्तीको शिवगिरिप्रतिको शृङ्गारिक भावलाई पुष्टि गर्दछ।

***औत्सुक्य***

आफूले चाहेको विषय वा वस्तुलाई प्राप्त गर्न समय पर्खन नसक्ने अवस्था आएमा त्यहाँ औत्सुक्य निष्पादन हुन्छ । प्रस्तुत नाटकमा पनि कान्तीले आफ्नो अभिलासित व्यक्ति शिवगिरिलाई प्राप्त गर्न आफ्नो औत्सुक्य भाव प्रकट गरेकी छन्।

“रूँदै। मलाई थाहा छ, म जे पनि सहन सक्छु तपाईंलाई केई भयो भने त्यो जलाउने आगोमा म जिउँदै हाम फाल्न पनि सक्छु तर तपाईंसित छुट्टिएर मलाई वस्न नपरोस्। मलाई खान लाउन सबै कुराको रहर थियो, अब मलाई के भो के यै खरानी घसेर बस्न मन छ मलाई अरू केई चाहिँदैन” (पृ. ५५)।

यस उद्धरणमार्फत कान्तीमा प्रकट भएको औत्सुक्य व्यभिचारी भावलाई बुझ्न सकिन्छ।

***असूया***

अरूको गुण वा व्यवहारमाथि अवज्ञा, क्रोध आदि प्रकट गरेमा त्यहाँ असूया भाव प्रकट हुन्छ। प्रस्तुत नाटकमा कान्तीले असूया भाव प्रकट गरेकी छन्।

“तपाईंलाई त्यस्सै केको दुःख एकलै जान्छु वस्नोस् मैले वाटो चिनेकी छैन र ?” (पृ. ३०)।

यस उद्धरणमा भुवनले भोजबाट घर फर्कने बेलामा कान्तीलाई घर पुऱ्याइदिन्छु भनी प्रस्ताव राख्दा कान्तीले भुवनको सो कुरामा अवज्ञा गरेकाले असूया भाव प्रकट भएको छ।

***मरण***

आफूले इच्छा गरेको व्यक्ति वा वस्तु प्राप्त गर्नलाई आफ्नो देहत्यागसम्मको कार्य गरेमा मरण व्यभिचारी भाव प्रकट हुन्छ। प्रस्तुत नाटकमा कान्तीले आफ्नो इच्छावमोजिम शिवगिरलाई प्राप्त गर्न नसक्दा गरेका कृयाकलापमा मरण भाव देखा परेको छ।

“झनझन शून्य अनुहार लगाई भित्र छोइएर गाउँछे । सुस्त स्वरले – अलख जगाई आयो जोगी । गीत गाउँदागाउँदै खलमा पानी हाली विष घोलेर त्यो बटुकामा खन्याउँछे। अलख जगाई आयौ जोगी भिक्षा मसित लिएनौ, धान नलिकन फालिदियौ सव धान त तिमीले छोएनौ, तन दिएँ यो त्यागिदियो, मन दिएँ पनि मानेनौं ... प्राण बाँकी छ यसकै भीख लौ थाप” (पृ. ५६)।

आफ्नो अभीष्ट वस्तु प्राप्त गर्न नसक्ने अवस्था आएकाले कान्तीले आफ्नो देहत्याग गरेकी छ जसबाट यस उद्धरणमार्फत मरण भाव प्रकट भएको छ।

प्रस्तुत नाटकको मुख्य घटनालाई विश्लेषण गर्दा अङ्गी रसका रूपमा शृङ्गार रहेको देखिन्छ भने अङ्गी रसको विभाव अन्तर्गत शिवगिरि र कान्ती आलम्बन विभाव तथा उनीहरूका विभिन्न क्रियाकलापहरू उद्दीपन विभावका रूपमा रहेको प्रष्ट हुन्छ। त्यस्तै शिवगिरि र कान्तीका विभिन्न कायिक, वाचिक, सात्विक आदि कार्यव्यापारहरू अनुभाव बनेर आएका छन्। शृङ्गार रसलाई अङ्गी रसका रूपमा पुष्टि गर्नका लागि मोह, औत्सुक्य, असूया, मरणजस्ता व्यभिचारी भावहरू आएका छन्।

**स्थायी भाव**

कुनै पनि कृतिको पठन वा अभिनयको दृश्यावलोकन गर्दा दर्शक वा पाठकको मनमा अनुकूल वा प्रतिकूल भावहरूबाट नलुक्ने र रसास्वादनको डाँठ वा मूल जराको रूपमा रहने भावलाई स्थायी भाव भनिन्छ। नाटकमा स्थायी भाव रसानुभूतिको मूल आधार हुने गर्दछ । घटना वा विषयवस्तुका आधारमा प्रस्तुत *उ मरेकी छैन* शृङ्गार रसप्रधान नाटक हो। यहाँ शृङ्गार अन्तर्गत पनि विप्रलम्भ शृङ्गारको अवस्था रहेको छ। यसर्थ विप्रलम्भ शृङ्गार मुख्य रूपमा रहेको तथा परिपाक अवस्थामा उन्मुख रहेकाले यस नाटकमा स्थायी भावका रूपमा रति रहेको छ। कान्ती र शिवगिरिको जीवनमा घटित घटनाहरू तथा उनीहरूवीचको प्रेम जीवनमा आएका उतारचढावहरूलाई देखाउनु नै यस

नाटकको मूल ध्येय मान्न सकिन्छ। यसर्थ यहाँ उनीहरूका जीवनमा घटेका शृङ्गार अन्तर्गत पनि कारूणिक घटनाहरूलाई देखाइनुका साथै मूल कथावस्तु आरम्भ भएदेखि अन्त्यसम्म नै शृङ्गार रसको उपस्थिति रहेको छ अनि कान्तीले आफूले नजिक ठानेको शिवगिरिलाई पाउनका लागि अन्त्यमा आफ्नो आत्महत्या सम्मको निर्णय लिएकी तथा शिवगिरिले आफूहरूवीचको रतिभावले भौतिक रूपमा सफलता हासिल नगरे पनि आत्मिक रूपमा सफल भएको भनी महापथ यात्रामा निस्केको देखाइएकाले यहाँ रति स्थायी भाव रहेको स्पष्ट हुन्छ । यसका साथै कान्तीको बुबाले आफूले उनीहरूको भौतिक प्रेमलाई सफल बन्न नदिए पनि आत्मिक प्रेमले सफलता प्राप्त गरोस् भनी कान्तीको मृत शरीर शिवगिरिलाई लैजान स्वीकृति दिएबाट पनि यस नाटकमा रतिभावलाई परिपाक अवस्थामा पुग्न सहज भएको कुरा पुष्टि हुन्छ। यसरी नाटकको आरम्भदेखि अन्त्यसम्मका सम्पूर्ण घटनाक्रम र परिदृश्यहरुको विश्लेषण गर्दा नाटककार समको *उ मरेकी छैन* नाटकमा शृङ्गार रसको परिपाकपूर्ण अवस्था रहेको कुरा स्पष्ट हुन्छ।

## निष्कर्ष

प्रस्तुत अध्ययनपत्रमा बालकृष्ण समद्वारा रचित *उ मरेकी छैन* नाटकको पूर्वीय साहित्य सिद्धान्तमा स्थापित रससम्बन्धी मान्यतामा आधारित भएर नाटकभित्र निष्पादित मुख्य अथवा अङ्गी रसको बारेमा अध्ययन गरिएको छ । नाटक जम्मा तीन परिच्छेद तथा जम्मा एघार दृश्यमा संरचित रहेको छ। नाटकमा प्रथम अङ्कदेखि नै शिवगिरि तथा कान्तीको भेट भएको छ जसवाट नाटकको वीजारम्भ भएको छ। प्रथम अङ्कको दृश्य ४ देखि तृतीय अङ्कको दृश्य ३ सम्मका घटनाहरूमा कान्तीको विवाह भुवनसँग गरिदिने प्रसङ्गसँगै विकसित भएका घटनादेखि कान्तीको मृत्युपूर्व (आत्महत्या का सम्पूर्ण घटनाहरूमा कान्ती तथा शिवगिरिवीचमा भएका शृङ्गारिक भावयुक्त कुराहरूले यस रसलाई अङ्गी रसका रूपमा स्थापित गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । त्यसपछि बाँकी रहेको घटनाहरू (तृतीय अङ्कको दृश्य ४ देखि पछाडि घटित घटना। अर्थात् कान्तीले आत्महत्या गरिसकेपछि कनकवीर विक्षिप्त बन्नु, शिवगिरिले अब मृत्यु भएपछि त कान्तीमाथि आफ्नो हक लाग्ने भन्दै छोरीको शव कनकवीरसँग माग्नु, र कनकवीरले पनि प्रतिवाद नगरी छोरीको मृत शरीर लैजान स्वीकृति दिनु, शिवगिरिले मृत शरीर बोकेर महापथ यात्रामा गौरिशङ्कर हिमालतर्फ लाग्नु जस्ता घटनाहरूले कान्ती र शिवगिरिवीचको प्रेममा बाहृय रूपमा बाधा आए पनि आत्मिक प्रेमले सफलता पाएको भन्ने शिवगिरि तथा उसको सहयोगीले महापथ यात्रामा निस्केको तथा स्वस्थानी व्रतकथामा आधारित भगवान शिव तथा सतीको कथासँग नदाँज्न हर्केसँग भनेको संवादले नाटकमा अङ्गी रसका रूपमा रति स्थायी भाव भएको शृङ्गार रस रहको कुरा निष्कर्षमा पुग्न सकिन्छ। यद्यपि उनीहरूको शारीरिक रूपमा मिलन नभई मृत्युपश्चात दुवैले आत्मिक प्रेमले सार्थकता प्राप्त गर्ने अपेक्षा गरेकाले शृङ्गार रस अन्तर्गत पनि विप्रलम्भ शृङ्गार रहेको देखिन्छ । यसर्थ पूर्वीय साहित्यसिद्धान्तमा स्थापित रसवादी मान्यतालाई आधार मानेर प्रस्तुत नाटक नाट्यावस्था सहित अध्ययन गर्दा शृङ्गार रस अङ्गी रसका रूपमा रहेको पुष्टि हुन्छ।

## सन्दर्भ सामग्री सूची


आचार्य, व्रतराज. (२०६६). *आधुनिक नेपाली नाटक.* साझा प्रकाशन।

उपाध्याय, केशवप्रसाद (२०३०). *साहित्य–प्रकाश.* साझा प्रकाशन।

उपाध्याय, केशवप्रसाद. (२०४१). *बालकृष्ण समको दुःखान्त नाट्यचेतना.* साझा प्रकाशन।

उपाध्याय, केशवप्रसाद. (२०६७). *पूर्वीय साहित्य सिद्धान्त (पाँचौ संस्करण).* साझा प्रकाशन।

उपाध्याय, केशवप्रसाद. (२०६७). *नेपाली नाटक र नाटककार* (दोस्रो संस्करण). साझा प्रकाशन।

जैन, सुन्दरलाल. (सन् १९६४) (अनु.). *भरतका नाट्यशास्त्र* (रघुवंश). मोतीलाल बनारसीदास।

तानासर्मा. (२०७३). *सम र समका कृति* (आठौं संस्करण). साझा प्रकाशन।

नगेन्द्र. (सन् १९७७). *रससिद्धान्त.* नेशनल पब्लिशिंग हाउस।

भट्टराई, गोविन्दप्रसाद. (२०३९). *भरतमुनिको नाट्यशास्त्र* (भरतनाट्यम्). ने.रा.प्र.प्र.।

मम्मट. (सन् २००८). *काव्यप्रकाश* (सम्पा. नगेन्द्र). *व्याख्याकार आचार्य विश्वेश्वर.* ज्ञानमण्डल लिमिटेड ।

विश्वनाथ. (सन् १९७७). *साहित्यदर्पण* (नवौं संस्करण), मोतीलाल बनारसीदास।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुईटेल. (२०६७). *पूर्वीय र पाश्चात्य साहित्यसिद्धान्त* (तेस्रो संस्करण). विद्यार्थी पुस्तक भण्डार।

शारदातनय. (सन् १९८२). *भावप्रकाशनम्.* चौखम्बा सुरभारती प्रकाशन।

सम, बालकृष्ण. (२०५४). उ *मरेकी छैन* (तेस्रो संस्करण). साझा प्रकाशन।